श्री

# प्यूठान नगरपालिकाको कार्यालय

## खलंगा, प्यूठान

## सूची दर्ता गर्ने सम्बन्धी सूचना ।

**(प्रथम पटक प्रकासित मिति : २०७२/०५/१३)**

यस कार्यालयबाट चालु आ.व. २०७२/०७३ को लागि आवस्यक पर्ने तपशिलका बस्तु तथा सेवा/कार्यहरु उपलव्ध गराउन ईच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी, संस्था, आपुर्तीकर्ता, निर्माण व्यवसायी /परामर्शदाता/सेवा प्रदायक संस्थाबाट सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ अनुसार मौजुदा सूची ( Standing List ) तयार गर्नुपर्ने भएकोले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र फर्म वा कम्पनीमा दर्ता प्रमाण पत्र, व्यवासाय दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर दर्ता (प्यान) प्रमाणपत्र, मूल्य अभिवृद्धि कर ( भ्याट ) दर्ता प्रमाण पत्र , आ.व. २०७०/०७१ सम्मको कर चुक्ता प्रमाण पत्र , तथा नगरपालिका क्षेत्रमा व्यवसाय गर्ने व्यवसायको हकमा व्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपी साथ आफुले उपलब्ध गराउने वस्तु तथा सेवा/कार्यहरु अनुसार अलग/अलग सूचि तयार गरि निवेदन साथ रु. १० को नगदी रसिद काटी यस कार्यालयमा मौजुदा सूचि (Standing List ) को लागि निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । मौजुदा सूचीको मान्य अवधी आ.व. २०७२/०७३ को लागि मात्र रहने छ भने उक्त सूचीमा समावेश गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । थप जानकारीको लागि कार्यालयको फोन नं. ०८६- ४२००१५ मा सम्पर्क गर्न सकिने छ ।

**तपशिल :**

१. स्टेशनरी, मसलन्द तथा कार्यालय सामान आपुर्ती कार्य
२. नक्सापास प्रयोजनको लागि नक्सा डिजाईनिङ्ग तथा कन्सल्टेन्सी सेवा
३. छपाई सम्वन्धी कार्य
३. काठ तथा स्टिल फर्निचर आपुर्ती तथा मर्मत कार्य
४. परामर्श तथा कम्प्यूटर सफ्टवेयर निर्माण, ईन्टरनेट सेवा तथा सूचना प्रविधि सम्वन्धी अपुर्ति तथा मर्मत सम्बन्धी कार्य
५. पत्र पत्रिका, सूचना तथा विज्ञापन सम्वन्धी कार्य
६. सवारी साधनहरुको पार्टपुर्जा आपूर्ती, मर्मत एवं संभार गर्ने कार्य
७. कम्प्यूटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेशिन, फ्याक्स मेसिन, UPS, EPABX प्रणाली, विभिन्न प्रकारका सोलार, ईन्भर्टर तथा सोलार ब्याट्रि, टि.भि., प्रोजेक्टर, टेलिफोन सेट एवं तिनका पार्टपुर्जाहरु खरीद तथा मर्मत कार्य साथै यसका लागि आवस्यक पर्ने टोनर, कार्टिज, मसीहरु , विद्युतिय सामानहरु खरिद तथा मर्मत कार्य
८. सार्वजनिक निर्माण सम्वन्धी कार्य
९. अध्ययन, अनुसन्धान, गोष्ठि, सेमिनार, तालिम संचालन सम्वन्धी कार्य
१०. सैक्षिक सामाग्री तथा डिजिटल सामाग्री आपूर्ती सम्बन्धी कार्य
११. श्रव्यदृश्य सामाग्री निर्माण तथा प्रशारण
१२. व्यवसायीक सीपमुलक सामाग्रीहरु : स्वास्थ्य, कृषि, पशु स्वास्थ्य, सिलाई, कटाई, व्युटिसियन
१३. निर्माण सामाग्री आपुर्ती
१४. अन्य विविध

**थप जानकारी :**

१. नक्सापास प्रयोजनको लागि नक्सा डिजाईनिङ्ग तथा कन्सल्टेन्सी सेवाको लागि दर्ता हुन कन्सल्टेन्सीले मान्यता प्राप्त शिक्षण संस्थावाट सिभिल ईन्जिनियरिङ्ग योग्यता हासिल गरी नेपाल ईन्जिनियरिङ्ग काउन्सीलमा दर्ता भएको ईन्जिनियर स्वयंमले दस्तखत गरेको बायोडाटा सहित Company Profile संलग्न राख्नुपर्ने छ ।
२. म्याद नाघी प्राप्त हुन आएको, आवस्यक प्रमाणपत्र संलग्न नभएको वा रीत नपुगेको निवेदन उपर कुनै कारबाही हुने छैन ।
३. सूचिकृत भएको व्यक्ति,फर्म, कम्पनी, संस्था, आपुर्तीकर्ता, निर्माण व्यवसायी / परामर्शदाता / सेवा प्रदायक संस्थाले भाग नलिएको वा सन्तोषजनक सेवा तथा सामान आपूर्ती नगरेमा सूचिबाट हटाउन सकिनेछ ।

..................
नेबबहादुर वली
कार्यकारी अधिकृत